

# सबैले प्रयोग गर्न सक्ने प्रविधिको प्रयोग

## पाँचखाल नगरपालिका, काभ्रे

पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक पाँचखाल नगरपालिकाले आफ्नो नगरपालिकालाई प्रविधि मैत्री बनाउँदै लगिएको छ। विभिन्न सार्वजनिक महत्वका सूचनाहरूलाई एलईडि डिस्प्लेको माध्यमबाट सार्वजनीकिकरण गर्दै नगरवासीहरूलाई जानकारी दिने गरेको छ। नगरपालिका भवन तथा नगरपालिका केन्द्र रहेको मुख्य बजारको सुरक्षा लाई मध्यनजर गर्दै सिसिटिभी जडान गरि नगरवासीको सुरक्षा तथा नगरपालिका भवन वरपर हुने सम्भाब्य क्रियाकलापहरू प्रति निगरानी बढाउदै सुरक्षाको प्रत्याभूत गरेको छ।

त्यस्तै सोही सिसिटिभी क्यामेराको निगरानीले सडक दुर्घटनालाई समेत न्यूनीकरण गरेको तथा दुर्घटनाको तथ्यगत प्रमाण समेत प्राप्त हुन सहयोग भएकोले पिडित र पिडक पहिचान गर्न सधाउ पुगेको छ। नगरक्षेत्रको मुख्य केन्द्र रहेको तामाघाट क्षेत्रको बोहोरेदोभान चोक देखि पाँचखाल प्रहरी चौकी सम्म १० वटा क्यामेरा जडान गरि नगरपालिकाले सो को व्यवस्थापन तथा सञ्चालनको जिम्मा पाँचखाल प्रहरी चौकीलाई प्रदान गरेको छ। त्यस्तै नगरपालिकाले एनड्रोईड एप्समा सञ्चालन गर्न सकिने मोवाईल एप्स सञ्चालनमा ल्याएको छ। नगरपालिकाको आफ्नो वेवसाईटमा भएको सम्पूर्ण जानकारी मोवाईल एप्समा देखिने व्यवस्था गरिएको छ।

सबैले मोवाईल एप्सको माध्यमबाट नगरपालिका तथा वडा कार्यालयले जारी गरेको सूचनाहरूको बारेमा जानकारी लिन सकिन्छ। मोवाईल एप्सको माध्यमले पछिल्ला अद्यावधिक सूचना, जानकारी, परिपत्र, ठेक्का जस्ता विषय जो वेवसाईटमा अपलोड गरिन्छ सो अटोमेटिक भई हेर्न सकिन्छ।

नगरपलिकाले नगरपालिकाका जनप्रतिनीधि तथा कर्मचारीहरूको व्यक्तिगत मोवाइल नम्बरलाई माध्यम बनाई सूचना प्रवाहको लागि उपयोग गरेको छ। सो प्रविधिले नगरपालिकाले गर्ने कार्यक्रमको बारेमा जानकारी दिने छिटो माध्यम बनेको नगरपालिकाले जनाएको छ। कार्यपालिका बैठक, कर्मचारी बैठक, विभिन्न तालिमको जानकारी लगायतका जनप्रतिनीधि तथा कर्मचारीहरूको सूचनाको जानकारीको लागि सो प्रयोग गरिएको जस्ले सूचना प्रवाहमा सजिलो बनाएको छ। फरक फरक व्यक्तिको मोवाईल नम्बर एक पटक निश्चित ग्रुप बनाई राखे पश्चात



> पाँचखाल नगरपालिकाले सेवा प्रवाहमा विभिन्न नविन प्रविधिहरु भित्र्याई नगरपालिकालाई प्रविधि तर्फ उन्मुख गराउँदै लगिएको छ ।
>
> **-महेश खरेल, नगर प्रमुख**



एकै प्रकारका एकै व्यहोराका सूचना प्रवाह गर्न निकै सधाउ पुगेको नगरपालिका जानकारी दिएको हो। नगरपालिका अन्तर्गत रहेका १३ वटै वडामा टेलिफोन व्यवस्था गरिएको छ भने नेपाल टेलिकम संगको सहकार्यमा ईन्टरनेट नपुगे वडाहरूमा ईन्टरनेटको व्यवस्था गर्न समेत काम थालिएको छ। त्यस्तै नगरपालिका कार्यरत कर्मचारीहरू कार्यलायमा समयमै उपस्थिती रहेको नरहेको निगरानीको ला ई हाजिरी मेशिन जडान गरि सञ्चालनमा ल्याईएको छ।

नगरपालिकाले सम्पत्ति करको लागि सम्भावित भिडलाई मध्यनजर गर्दै ई क्विई सिस्टम लागु गरेको छ जस्ले गर्दा कर तिर्नको लागि भिड भएको बखत लाईनमा उभिनु पर्ने झण्झटलाइए निराकरण गरेको छ। कर दाता नगरपालिका आई टोकन लिई बस्ने र टोकन नम्बरको आधारमा सेवा प्रवाह गरिन्छ। त्य कारणले कर दाताले आफ्नो समय सदुपयोग भएको अनुभूती गरेका छन्।

त्यस्तै सम्पत्ति कर संकलन, राजश्व संकलन तथा लेखा प्रणालिको ला सफ्टवेयरको प्रयोग गरिएको छ। सफ्टवेयरको प्रयोगले कर संकलन राजश्व संकल तथा लेखा प्रणली व्यवस्थापनमा निकै सजिलो भएको कर्मचारीहरूको प्रतिक्रि रहेको छ। सो को लागि नगरपालिकाले बजारमा उपलब्ध भएको पछिल्ला आधुनि प्रविधिहरू भित्र्याउने गरेको छ। यसरी पाँचखाल नगरपालिकाले सेवा प्रवाह विभिन्न नविन प्रविधिहरू भित्र्याई नगरपालिकालाई प्रविधि तर्फ उन्मुख गरा लगिएको नगरपालिका प्रमुख महेश खरेलले बताउनु भयो।